

नेपाल गजेट

भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १५] काठमाडौं, मार्ग २८ गते २०२२ साल [संख्या ३४

श्री ५ को सरकार

कानून तथा न्याय मन्त्रालयको

सूचना

न्याय प्रशासन (विविध व्यवस्था) ऐन, २०१८ को दफा ३ र ६ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले २०२२ साल पौष १ गतेदेखि क्रियाशील हुने गरी निम्न जिल्ला-अदालतहरू गठन गरी ती जिल्ला अदालतहरूको सदर मुकाम र इलाका निम्नअनुसार कायम गरेको छः—

जिल्ला अदालत	जिल्ला अदालतको सदर मुकाम	जिल्ला अदालत अन्तर्गतको इलाका
१. पर्वत जिल्ला अदालत	कुश्मा	विकास जिल्लाको इलाका
२. रोल्पा जिल्ला अदालत	लिवाङ गाउँ	,,

खण्ड १४ मिति २०२१।९।२३ अतिरिक्ताङ्क २६ को नेपाल गजेट भाग ३ मा प्रकाशित जिल्ला अदालतको गठनसम्बन्धी यस मन्त्रालयको सूचनाको नं. ३६ र ५२ मा उल्लि—

४८१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खित पर्वत तथा कास्की जिल्ला अदालत र हुकुम तथा रोल्पा जिल्ला अदालत हरूलाई क्रमशः कास्की जिल्ला अदालत र हुकुम जिल्ला अदालतमा परिणत गरी तत्तत् विकास जिल्लाको इलाका र सम्बन्धित अञ्चल अदालतको कार्यक्षेत्रभित्र समावेश गरेको छ।

आज्ञाले–
विनोदप्रसाद धिताल,
श्री ५ को सरकारको सचिव।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।